जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत, पर्वत
गण्डकी प्रदेश, नेपाल
☎०६९-५२२००२

## लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०।१२।०९ ने.सं.११४४ चिल्लाथ्व, १३ शुक्रबार

प्रस्तुत विषयका सम्बन्धमा यस जलजला गाउँपालिकाको मिति २०८०/१०/२१ गतेको १६औं गाउँसभाको निर्णय अनुसार जलजला गाउँपालिका क्षेत्र भित्र पर्ने कालीगण्डकी नदिबाट आ.व. ०७९/०८० मा अवैध रुपमा संकलन गरी राखेको गत वर्ष जफत गरी घाटगद्दी गरेको बालुवा लिलाम बढाबढद्वारा बिक्री वितरण गर्नुपर्ने भएकोले ईच्छुक फर्महरुबाट दरखास्त दिई निम्न शर्तहरुको अधिनमा रही बोलकबोल गर्नुहुन अनुरोध गरिन्छ।

शर्तहरु:

१. बोलकबोलका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु. ३००० (अक्षरुपी तिन हजार रुपैयाँमात्र) तिरी यस कार्यालयबाट बोलपत्र खरिद गर्नुपर्नेछ।

२. कुनै पनि फर्मको सम्बन्धमा चालु आ.व.को लागि नविकरण भएको व्यवसाय दर्ता, इजाजत पत्र, प्यान दर्ता प्रमाणपत्र र आ.व.०८०/०८१ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी यस कार्यालयमा पेश गर्नुपर्नेछ साथै व्यक्तिको सन्दर्भमा नागरिकता प्रमाणपत्र र पान नं. समावेश गर्नुपर्नेछ।

३. यो सूचना प्रकाशित भएको मितिले १६औं दिन मध्यान्ह १२:०० भित्र जलजला गाउँपालिकामा बोलपत्र पेश गर्नपर्नेछ। सोही दिन अपरान्ह १:०० बजे उक्त बोलपत्र बोलपत्रदाताको रोहवरमा खोलिनेछ।

४. बोलकबोल गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएको समयभित्र हुनेछ।

५. लिलाम हुने बालुवा जे जस्तो अवस्थामा छ सोही अनुसार उठाउनु पर्नेछ।

६. बोलकबोल गरेको रकमको १०% प्रतिशत धरौटिस्वरुप नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड जलजला शाखाको धरौटी खाता नं.०६४०१४००२५००२३ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ।

७. बोलकबोल स्वीकृत भएको फर्मले सम्झौता गर्न आउँदा आफूले कबोल गरेको सम्पूर्ण रकम यस गाउँपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. जलजला शाखामा रहेको आन्तरिक आम्दानी खाता नं. ०६४०१४००२५००७८ मा जम्मा गरेको सक्कल भौचर समेत समावेश गर्नुपर्नेछ।

८. यसमा उल्लेख भएका बाहेक अन्य कुराहरु आर्थिक कार्यविधी तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

९. लिलाम बिक्री हुने बालुवा हेर्नको लागि सम्वन्धित स्थानमा गई हेर्न सक्नुहुनेछ।

१०. बोलपत्रदाताले कबोल गरेको रकममा १३% प्रतिशत मूल्य अभिवृद्धी कर थप गरी कबोल अंक कायम गरिनेछ र उक्त रकम बोलपत्र दाताले एकमुष्ट रुपमा बुझाउनु पर्नेछ। साथै कुनै लिलामको बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार जलजला गाउँपालिकाको रहनेछ।

११. लिलाम सम्वन्धी कुनै विवाद भए प्रचलित कानुनको परिधिभित्र रही जलजला गाउँपालिकाले अन्तिम निर्णय गर्नेछै।

१२. बालुवा रहेको स्थान र परिमाण देहाय अनुसार रहेको छः

| क्रं. सं. | स्थान | सामाग्री विवरण | परिमाण | दर (प्रति क्यू फिट) रुपैयाँमा | न्यूनतम रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जलजला-८ खनियाँघाट दम्वाखोला नजिक राजमार्ग मूनि घाटगद्दी गरेको | बालुवा (घाटगद्दी) | ३३७६३.१३ (क्यू. फिट) | रू १२।०० | रु. ४०५१५७.५६ | |
| २. | जलजला-७ धाईरिङ स्थित केराबारी कालीगण्डकी नदी किनारमाथि घाटगद्दी गरेको | बालुवा (घाटगद्दी) | १४०३८ (क्यू. फिट) | रु १२।०० | रु. १६८४५६।०० | |
| ३. | जलजला-४ लामाखेत स्थित गाउँपालिकाको कार्यालय अगाडिको घाट गद्दी गरेको | बालुवा (घाटगद्दी) | २४१० (क्यू. फिट) | रू १२।०० | रु. २८९२०।०० | |

२०८०।१२।०९
(उपेन्द्र) प्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत